# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०४४।५।३ को निर्णयानुसार राजपत्राङ्कित विशिष्ट श्रेणीका देहायका अधिकृतहरूलाई विशिष्ट श्रेणीको पदमा थप गरिएको ३ वर्षको अवधि पूरा भएकोले निजामती सेवा नियमावली, २०२१ को नियम ७ क. २ को उपनियम (१) बमोजिम मिति २०४४।५।५ देखि सरकारी नोकरीबाट अवकाश दिएको छ ।

१. श्री मंगलकृष्ण श्रेष्ठ, सचिव, आपूर्ति मन्त्रालय ।

२. श्री तेजबहादुर प्रसाई, सचिव, स्वास्थ्य मन्त्रालय ।

३. श्री मुरलीप्रसाद उपाध्याय, सचिव, निर्वाचन आयोग ।

### सूचना २

श्री ५ को सरकारले मिति २०४४।५।३ को निर्णयानुसार नेपाल न्याय सेवा, राजपत्राङ्कित विशिष्ट श्रेणी, कानून तथा न्याय मन्त्रालयका सचिव श्री ध्रुववरसिंह थापालाई विशिष्ट श्रेणीको पदमा थप गरिएको ३ वर्षको अवधि पूरा भएकोले निजामती सेवा नियमावली, २०२१ को नियम ७ क. २ को उपनियम (१) बमोजिम मिति २०४४।५।१० देखि सरकारी नोकरीबाट अवकाश दिएको छ ।

### सूचना ३

श्री ५ को सरकारले मिति २०४४।५।३ को निर्णयानुसार राजपत्राङ्कित विशिष्ट श्रेणीका देहायका अधिकृतहरूलाई विशिष्ट श्रेणीको पदमा थप गरिएको ३ वर्षको अवधि पूरा भएकोले निजामती सेवा नियमावली, २०२१ को नियम ७ क. १ को उपनियम (१) बमोजिम मिति २०४४।५।५ देखि सरकारी नोकरीबाट अवकाश दिएको छ।

१. श्री जगदीश शम्शेर राणा, विशिष्ट श्रेणी, सामान्य प्रशासन मन्त्रालय, अतिरिक्त समूह ।

२. श्री विश्व प्रधान, विशिष्ट श्रेणी, सामान्य प्रशासन मन्त्रालय अतिरिक्त समूह ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।